जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १४१ पृष्ठः ४ | २०८२ असोज ०५ गते आइतबार (Sunday 21 Sept. 2025) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## लहान मुटु अस्पतालद्वारा सेवा विस्तार

सिरहा, ४ असोज। लहान मुटु अस्पतालले सेवा विस्तार गर्दै अत्याधुनिक परीक्षण सेवा सुरु गरेको छ। लहान नगरपालिका–४ स्थित चम्पापुरमा निर्माणाधीन यो अस्पतालले हालै मुटुरोग जाँच सम्बन्धित 'इकोकार्डियोग्राफी', 'ट्रेडमिल टेस्ट' र 'होल्टर मोनिटर टेस्ट' सेवा सञ्चालनमा ल्याएको छ। त्यस्तै, शुक्रबारदेखि औपचारिक रूपमा २५ श्ययाको सेवा पनि सुरु गरिएको अस्पतालका कार्यकारी निर्देशक डा सञ्जयप्रसाद साहले जानकारी दिए। छ महिनाअघि सुरु भएको ओपिडी सेवामार्फत हालसम्म तीन हजारभन्दा बढी बिरामीले सेवा लिइसकेका छन्। अत्याधुनिक प्रयोगशालासहित न्यूनतम शुल्कमा सेवा दिइरहेको अस्पताल नाफामुखी नभई सेवा–केन्द्रित मोडेलमा सञ्चालन भइरहेको जनाइएको छ।

अहिले अस्पतालले लहान नगरपालिकाद्वारा उपलब्ध ११ बिघा सार्वजनिक जग्गामा दुई भवनमार्फत सेवा दिइरहेको छ। डा साहका अनुसार, भविष्यमा ५०० श्ययाको पूर्ण अस्पताल बनाउने योजना रहेको छ, जसको विस्तृत परियोजना प्रतिवेदनसमेत तयार भइसकेको छ। अस्पताल प्रशासनले एक वर्षभित्र सघन उपचार कक्ष (आइसियु) र सिटीस्क्यान सेवा सुरु गर्ने तयारी गरिरहेको छ। साथै, अस्पताललाई सहित गंगालाल राष्ट्रिय हृदय केन्द्रकै स्वरुपमा कार्डियो–डायबेटिक सेन्टरका रूपमा विस्तार गरिँदैछ।

नेपाल हृदय रोग निवारण संघ अन्तर्गत सञ्चालनमा आएको यो अस्पताल डा बालकृष्ण ओर्ग्यानको पहलमा स्थापना भएको हो। जर्मनीस्थित 'नेपाल मेड ई भि' र' रोटरी क्लब कटबस' संस्थाबाट करिब रु दुई अर्ब बराबरको सहयोगमा अस्पताल निर्माण प्रक्रिया अघि बढाइएको छ। गुणस्तरीय सेवा दिइँदै आए पनि प्रचारप्रसार, स्थानीयको साथ, सहयोग र विश्वासले नै अस्पतालको भविष्य उज्ज्वल बनाउने अस्पतालको प्रशासन तथा वित्त शाखा प्रमुख रिना चौधरीले बताए।

## खेतमा सिँचाइ गर्ने क्रममा करेन्ट लागेर एक शिक्षकको मृत्यु

सिरहा, ४ असोज। सिरहाको लहानमा खेतमा सिँचाइ गर्ने क्रममा करेन्ट लागेर एक शिक्षकको मृत्यु भएको छ। लहान नगरपालिका–२३, गाढा गाउँमा शनिबार बिहान धान खेतमा सिँचाइ गर्न विद्युतीय मोटर चलाउने क्रममा करेन्ट लागेर ३८ वर्षीय वीजेन्द्रकुमार सहनीको मृत्यु भएको हो।

सहनी लहान–१९, सोनमति गाढास्थित जनता माध्यमिक विद्यालयमा कार्यरत थिए। करेन्ट लागेर गम्भीर घाइते भएका उनलाई स्थानीयले तत्काल उद्धार गरी लहानस्थित रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल पुर्‍याएका थिए। तर, अस्पताल पुर्‍याउनासाथ चिकित्सकले उनलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक धर्मेशकुमार यादवले जानकारी दिए। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## प्रदेशसभा फेस गर्ने मुख्यमन्त्री सिंहको तयारी

जनकपुरधाम, ४ असोज। जनमत पार्टीले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिए पनि जनमत पार्टीबाटै मुख्यमन्त्री बन्नुभएका सतिशकुमार सिंहले शनिबारसम्म राजीनामा दिनु भएको छैन। मुख्यमन्त्री सिंहलाई जनमतपार्टी संसदीय दल मधेश प्रदेशका नेता महेशकुमार यादवसहित प्रतिपक्षी दलका नेताहरुले समेत राजीनामाका लागि दबाब भने दिइरहेका छन्। संचारकर्मीसँगको कुराकानीमा उहाँले जेनजी आन्दोलनको क्रममा देशको अवस्थालाई हेरेर मधेश प्रदेशको परिस्थितिलाई समान्य पार्न प्रदेश प्रमुखसमक्ष राजीनामा नगरेको बताउनुभयो। उहाँले जनमत पार्टीले समर्थन फिर्ता लिएपछि उत्पन्न परिस्थितिलाई प्रदेशसभामै सामना गर्ने तयारी रहेको बताउनुभयो।

यता जनमत पार्टी संसदीय दल मधेश प्रदेशका नेता महेश यादवले जनमत पार्टीबाटै मुख्यमन्त्री बन्नु भएका सिंहले पार्टीको निर्णय नमान्नु ठिक नभएको बताउनुभयो। दलले स्पष्टीकरण सोधेर मुख्यमन्त्रीलाई कारबाही प्रक्रियामा ल्याउने बताउनुभयो। मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले समर्थन फिर्ता लिएको ३० दिनभित्र मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने प्रावधान अनुसार प्रक्रिया अगाडि बढ्ने बताउनुभएको छ। प्रदेश प्रमुखका स्वकीय सचिव टीकाराम उप्रेतीले मुख्यमन्त्रीको विश्वासको मतको सन्दर्भमा प्रदेशसभाले नै टुंगो गरेर प्रदेश प्रमुखको कार्यालयमा सिफारिस गरेपछि प्रदेश प्रमुखले प्रमाणिकरण गर्ने अधिकार मात्रै भएको बताउनुभयो।

सत्ता साझेदार दल एमाले संसदीय दलका नेता सरोजकुमार –बाँकी दुई पेजमा

## चुरे संरक्षणका लागि नयाँ संगठन, आन्दोलनको चेतावनी




जनकपुरधाम, ४ असोज। चुरे तथा वनजंगल संरक्षण अभियान अन्तर्गत नयाँ संगठन गठन गरिएको छ। 'जेडयुथ फर नेचर' नाम दिइएको संगठनमा सम्पूर्ण व्यक्ति सदस्य रहने व्यवस्था गरिएको छ भने विभिन्न कार्यक्रमका लागि संयोजक मात्र तोकिने प्रावधान गरिएको छ। शनिबार जनकपुरधामको नेपाल पत्रकार महासंघ धनुषाको कार्यकक्षमा पत्रकार सम्मेलनको आयोजना गर्दै संगठनले देशको वर्तमान अवस्थामा चुरे तथा वनजंगल संरक्षणसम्बन्धी मुद्दाप्रति सरकारले देखाएको असंवेदनशीलता, भ्रष्टाचार र कुशासनका कारण युवाहरूमा गहिरो असन्तोष उत्पन्न भएको जनाएको छ।

यस्तै, विगतमा पटक–पटक उठाइएका मागहरूप्रति सम्बद्ध निकायले ध्यान नदिएको गुनासो गर्दै संगठनले प्रदेशमा अन्तरिम सरकार गठन गरी सानो मन्त्रीपरिषद् विस्तार गर्नुपर्ने, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र मुख्यमन्त्रीको व्यवस्था गर्नुपर्ने, स्थानीय तहको निर्वाचन गैर–दलीय –बाँकी दुई पेजमा




SNEHA AUTO ZONE
9801592518

## मानसिक स्वास्थ्यप्रति सचेत बनौं।

- निराश हुनु,
- बेला बेलामा डर लाग्नु,
- गहिरो निद्रा नपर्नु,
- तनाव तथा चिन्तित महशुस हुनु,
- विनाकारण पसिना आउनु,

**मानसिक रोगका लक्षण हुन् मानसिक समस्या निदानको लागिः**

- नियमित व्यायाम गरौं,
- आफ्ना भावना खुल्ला रूपमा व्यक्त गरौं,
- परिवार र साथीहरूसँग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
- आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## ढुंगाबालुवाको निगरानी र नियमनमा ध्यान देऊ

नेपालमा राजनीतिक संकट र सङ्क्रमणको मौका छोपेर प्राकृतिक स्रोतको अनुचित दोहन गर्ने परम्परा नै बसेको छ। विशेषगरी विसं २०३६ सालमा तत्कालीन सरकारकै अग्रसरतामा थालिएको वन मासेर काठ बेच्ने अनि जमिन कब्जा गर्ने प्रवृत्ति २०४६, २०६३ र त्यसपछिका दिनहरूमा पनि रोकिएन। यद्यपि, पछिल्ला दिनमा सरकार भलाउनेहरूकै संरक्षण भए पनि अग्रसरता देखिएको थिएन।

केही वर्ष यता वनका काठ र जमिनभन्दा पनि नदी वा खोलाका ढुंगाबालुवाको दोहन बढी हुन थालेको छ। धेरै समय त यसको नियमन नै भएन। पछि जब राज्यले नियमन गर्ने सुरसार गर्‍यो ढुंगाबालुवामा 'माफिया' शैलीको गिरोहको रजगज चलिसकेको थियो। प्रायः राजनीतिक दलका नेता, प्रशासक र स्थानीय जनप्रतिनिधिको संरक्षणमा सञ्चालित त्यो गिरोह नियमनको घेराभन्दा बाहिरै रहयो।

यस अनियन्त्रित दोहन देशमा भएको क्षति अपूरणीय छ। नदीहरूको प्राकृतिक बहावमात्र होइन सतहसमेत अनियन्त्रित दोहनको कारण क्षतविक्षत भएका भएका छन्। यसको सबैभन्दा ठूलो मार भने राजमार्गहरू र नदी किनारामा बस्ती तथा फाँटहरूमा परेको छ। ढुंगाबालुवा गिरोहको प्रकोप सबैभन्दा धेरै चुरे क्षेत्रले भोग्नुपरेको देखिन्छ। दुर्भाग्य, राज्यले चुरेको संरक्षणका गरेको प्रयास भने भाराटाइमा सीमित भयो।

अहिले फेरि जेन–जी आन्दोलनका नाममा अपराधी तत्त्वले मौका छोप्ने जोखिम बढेको छ। काठमाडौंलगायत प्रशासनिक केन्द्रहरूमा त आन्दोलनको आवरणमा अपराधीहरूले आगजनी, तोडफोड, लुटपाट गर्न भ्याए भने बाहिरका प्राकृतिक सम्पदाको दोहन गर्नेहरूले मौका छोपेका छैनन् होला र रु यसै पनि वर्षा कम हुनथालेपछि नदी र खोलाका किनारमा ढुंगाबालुवा चोर्नेहरूको भिड लाग्न जो थाल्छ।

सरकारका सामु रहेका चुनौतीको चाङमा ढुंगाबालुवालगायत प्राकृतिक स्रोतको संरक्षणले प्राथमिकता पाउन नसक्नु खासै आश्चर्यको विषय होइन। तर, तिनको रक्षा र सदुपयोगमा ध्यान पुगेन भने देशले अर्को अकल्पनीय क्षति बोहोर्नुपर्ने हुनसक्छ।

राजनीतिक सङ्क्रमणको मौका छोपेर ढुंगाबालुवा माफियाले दूलै लुट मच्चाउने जोखिम बलियो छ। यसैले सरकारले स्थानीय प्रशासन तथा जनप्रतिनिधिहरूलाई यसमा सचेत बनाउने र निगरानीसमेत राख्ने गर्नु जरुरी देखिन्छ। साथै, आन्दोलनकारी जेन–जीहरूको नेतृत्व देशको भविष्यप्रति चिन्तित छ भने प्राकृतिक साधनप्रोतको निगरानी गर्न र अनियमित तथा अनुचित तरिकाले दोहन हुनलागेमा रोक्न अगाडि सर्नका लागि आफ्ना दौँतरीहरूलाई परिचालन गर्नुपर्छ।

### चुरे संरक्षणका...

आधारमा हुनुपर्ने जस्ता राजनीतिक मागहरू अघि सारेको छ।

यसबाहेक, संगठनले चुरे-भावर क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गर्न, प्राकृतिक स्रोत-साधनको दोहन तत्काल रोक्न, चुरे क्षेत्रका नदीहरूमा चरणबद्ध रूपमा चेक ड्याम निर्माण गर्न र चुरे वनजंगलको संरक्षणका लागि विशेष फोर्स गठन गरी त्यसलाई डिभिजन वन कार्यालय अन्तर्गत राख्नुपर्ने आवश्यकता औँल्याएको छ। मागहरू चाँडोभन्दा चाँडो सम्बोधन नगरिएमा आफूहरू भ्रष्टतन्त्रविरुद्ध प्रतिकार आन्दोलनमा उत्रन बाध्य हुने संगठनले चेतावनी दिएको छ। साथै, जेन जी पुस्ताले उठाएका सम्पूर्ण जायज मागहरूलाई समर्थन गर्ने निर्णय गरिएको स्पष्ट पारेको छ। सो अवसरमा २३ र २४ गते शहादत प्राप्त गरेका युवा विद्यार्थीहरूलाई श्रद्धाञ्जली समेत अर्पण गरिएको थियो।

### प्रदेशसभा फेस ...

यादवले मुख्यमन्त्री सिंह जनमत पार्टीको मात्रै नभएर एमाले, कांग्रेस र लोसपाको गठबन्धनबाट निर्वाचित मुख्यमन्त्री रहेकोले जनमत पार्टीले मुख्यमन्त्री फिर्ता बोलाउनु अघि गठबन्धनमा छलफल गर्नुपर्ने बताउनुभयो। मधेश प्रदेशमा असोज ७ गते प्रदेशसभा बैठक बस्दैछ।

# ओलीले पहिलो दिनमै राजीनामा दिएको भए यत्रो घटना हुँदैनथ्यो

## प्रहरी, इन्टेलिजेन्स कहाँ छ हाम्रो देशको ? युवालाई राज्यले अन्डरइस्टिमेट गर्‍यो

**पुरुषोत्तम यादव**

सन् २०२२ मा न्युयोर्क टाइम्समा 'नेपो अफ द इयर' लेख छापिएको थियो। म पनि पत्रकारिताको विद्यार्थी भएकाले न्युयोर्क टाइम्सलगायत अन्तर्राष्ट्रिय मिडियाहरू पनि पढ्छु। यो शब्द त्यहीँबाट सुरु भएको हो। इन्डोनेसियामा 'नेपो किड्स' अभियान चल्यो। नेपालमा 'नेपो बेबी' नामाकरण गरियो। अहिले यसको क्रेडिट धेरै जनाले लिन खोजिरहेका छन्, तर त्यस्तो होइन। सन् २०२२ बाट सुरु भएको भ्रष्टाचारविरुद्धको अभियान हो। मेरो शब्द पनि होइन यो। मैले त्यतिबेला नै सुनेको हो।

भ्रष्टाचारको विरोधमा सन् २०२३ देखि नै मैले लगातार लेख्दै आएको छु। अहिले ट्विटर डिलिट गर्दिएँ। त्यसअघि ट्विटरमा म लेख्थें। आफ्नो पर्सनल अकाउन्टमा २३ गते राति नै डिलिट गरिसकें। मोबाइल पनि फर्म्याट गरिसकें। जेनजी आन्दोलनले देशमा परिवर्तन आयो। त्यही भएर आज हामी यहाँ तपाईंसँग कुरा गर्न पाइरहेका छौँ। परिवर्तन हुन्थेन भने सबैभन्दा पहिले म जेलमा हुन्थें। किनभने सिडिओ कार्यालयमा अनुमति लिन म पुगेको थिएँ। धेरै जनाले अहिले म जेनजी भन्छन्। म जेनजी भन्दिनँ, हामी सबै हो। सबैको कन्ट्रिब्युसन उत्तिकै छ, जति मेरो कन्ट्रिब्युसन छ। तर आधिकारिक र कानुनी रूपमा हेर्ने हो भने म त्यहाँ फस्थें।

आन्दोलन सफल नभएको भए सबैभन्दा ठुलो राज्यद्रोहको मुद्दा भोग्ने मान्छे म हुन्थें। प्रमुख जिल्ला अधिकारी (सिडिओ)ले आन्दोलनको जिम्मेवारी पुरूषोत्तम यादव र सबल गौतमले लिनुपर्छ भन्नुभएको थियो। परमिसन लेटरमा नाम हाम्रै थियो। अहिले धेरै जनाले आफूलाई जेनजी भन्छन्, यथार्थ त्यस्तो होइन। आन्दोलन अगाडि बढाउन टिकटकमा 'वेकअप नेपाल' भनेर एउटा पेज बनाएका थियौं। पहिला हामी टिकटकमा नै थियौं। त्यो पेजमा हामी भ्रष्टाचारको विद्ध लेखिरारहेका थियौं। एक–दुई दिनमा सबैले गर्न थाले। किनभने इन्डोनेसियामा भइरहेको थियो। त्यो 'अल्गोरिदम पिक' गरिरहेको थियो। त्यतिबेला सोसल मिडिया पनि ब्यान्ड थियो। फेसबुक, इन्स्टाग्रामका मान्छे फेरि टिकटकमा सिफ्ट भए। त्यसले 'अटोमेटिक बुस्ट' भयो।

८ सेप्टेम्बर विरोध प्रदर्शन गर्ने भनेर टिकटकबाट आह्वान गर्‍यौं। त्यसदिन हाम्रो आन्दोलन शान्तिपूर्ण नै थियो। हामीले डिस्कोर्डहरू पनि चलाइरहेका थियौं। पुराने डिस्कोर्डहरु प्रयोग गरिरहेका थियौं। पछि त्यसलाई नै परिवर्तन गरेर प्रयोग गर्न थाल्यौं। तीन–चारवटा डिस्कोर्ड मिलाएर मसँग ८०–८५ हजार मान्छे जोडिसकेका थिए। मैले एक्स्पेक्ट गरेको थिएन कि यति धेरै मान्छे आउँछ भनेर। अनुमति लिन जाँदा प्रमुख जिल्ला अधिकारीले कति जना मान्छे आउँछन् भनेर सोध्नुभएको थियो। हामीले भन्यौँ– एक/दुई सय जना आउने आकलन छ। आन्दोलनको दिन जब म त्यहाँ गए, धेरै मान्छे जम्मा भइसकेका थिए। अन्य मिडिया ह्यान्डल, टिकटकहरुबाट धेरै जना इन्फ्लुएन्सरहरु पनि त्यहाँ सहभागी थिए।

'एन्टी भ्रष्टाचार' आन्दोलन शान्तिपूर्ण थियो। म त्यसदिन ८ बजे माइतीघर मण्डला पुगेको थिएँ। म पुग्दा भोलेन्टियर, समाजसेवी पुगिसकेका थिए। कोही पानी लिएर आउनुभएको थियो, कोही मेडिकल किट लिएर आउनुभएको थियो। हामीले माइकको व्यवस्था समेत गरेका थिएनौं। पोस्टर पनि लगेका थिएनौं, आन्दोलन सामान्य थियो। हामीलाई माइतीघरबाट एभरेस्ट होटल जाने अनुमति थियो। सोही अनुसार एभरेस्ट होटलतर्फ र्‍याली अगाडि बढ्दै थियो। एभरेस्ट होटलबाट फर्किएर माइतीघर पुग्ने योजना थियो। सन् २०१२/१३ सालमा अन्ना हजारेले भारतमा गरेजस्तो लोकपाल विधेयक 'एन्टी भ्रष्टाचार' आन्दोलन गर्ने योजना थियो। एक दिनको अनुमति लिने र एक महिना बस्ने सोच थियो।

र्‍याली एभरेस्ट होटल पुग्दा अगाडिबाट बाइकमा धेरै मान्छे भए। को–को मान्छे थिए, हामीले चिनेनौं। पञ्चबाजासहित ती मान्छे भीडमा घुलमिल भयो। बिहान ९–१० बजेतिर मार्च अगाडि बढ्दै गयो। एभरेस्ट होटल पुगेर फर्किने तरखरमा थियौं। विरोध प्रदर्शन शान्तिपूर्ण तरिकाले गर्न खोजिरहेका थियौं। कुनै पार्टी, तीनका नेताहरूलाई गाली गरेका थिएनौं। कुनै व्यक्ति विशेषलाई किन टार्गेट गर्ने ? आन्दोलनको उद्देश्य भ्रष्टाचारविरुद्ध बोल्ने मात्र थियो। मुख्य मुद्दा भ्रष्टाचार नै थियो। सोसल मिडिया ब्यान्डविरुद्ध पनि थिएन। त्यस दिनको पोस्टर, भिडियोग्राफी सबै हेर्न सकिन्छ, मात्रै भ्रष्टाचारको विरुद्ध थियो। त्यो भ्रष्टाचारमा नेता पनि पर्छन्, ब्युरोक्र्याट र जनता पनि पर्छ। यो देशका जनता पनि भ्रष्ट छन्। हामी पनि मासुभात खाएर भोट दिन्छौं। हिजोसम्म माओवादी, कांग्रेस, एमाले हामीले नै भोट दिएको हो नि। त्यसकारण यो विशुद्ध सांस्कृतिक र भ्रष्टाचारविरुद्धको आन्दोलन थियो।

कुनै व्यक्ति विशेष, कुनै डिजिटल मिडिया र कसैको विरुद्ध थिएन। हामी सोच्न सक्दैनौँ कि सिंहदरबार जलाइदिन्छु, पब्लिक प्रोपर्टी ड्यामेज गर्नु। त्यसो गर्नु हाम्रो सम्पत्ति नै नष्ट गर्नु हो। यी सबै हाम्रा करबाट बनेका सम्पत्ति हुन्। त्यसलाई नष्ट गर्न कल्पना पनि गर्न सकिँदैन। म त्यहाँ प्रत्यक्षदर्शी थिइनँ। त्यसदिन गाडीमा थिएँ। भ्रष्टाचारविरुद्ध हामी सामान्य नारा लगाइरहेका थियौं। मान्छेहरु जब घुसे, त्यो ब्यारिकेट टुट्यो। ब्यारिकेट टुट्ने बित्तिकै प्रहरीहरु पछाडि हटे। त्यसपछि मान्छेहरु अगाडि गए। एक मिनेटभित्र सबै थोक भइसक्यो। त्यहाँ वाटर क्यानन् दुईवटा थियो। पाँचवटा हुनुपर्ने थियो।

प्रहरी, इन्टेलिजेन्स कहाँ छ हाम्रो देशको ? युवालाई राज्यले अन्डरइस्टिमेट गर्‍यो। मेरो विचारमा त्यहाँ प्रहरी धेरै हुनुपर्थ्यो। त्यहाँ मान्छेले वाटर क्याननमा ढुङ्गा हानिरहेका थिए। बायाँबाट ढुङ्गा हाने, दायाँ साइड खाली छ। दायाँ गयो बायाँ खाली थियो।

पाँचवटा वाटर क्यानन भएको भए त्यस्तो हुँदैनथ्यो भन्ने लाग्छ। पानीको फोर्स हुने भएकाले मान्छे अगाडि बढ्न सक्दैन थिए। प्रहरी पनि व्यापक उपस्थित हुनुपर्थ्यो। ब्यारिकेट पनि एउटा मात्रै थियो, पाँचवटा हुनुपर्थ्यो। त्यसैले सजिलो भयो फाल्नका लागि। अरु आन्दोलनमा पनि हेरेका छौँ ब्यारिकेटमा काँडा लगाएको हुन्छ। त्यसबेला त्यस्तो केही थिएन। पानीको फोहराले पनि काम नगरिसकेपछि त्यहाँ गोली चलेको देखिन्छ। हामीलाई पनि थाहा छैन किन त्यस्तो भयो भनेर ? रियल जेनजीको काम यो होइन।

जेनजीको नाममा भिजिलान्ते घुसेकै हो। हामीलाई पनि थाहा छैन किन त्यस्तो भयो भनेर। रियल जेनजीको काम यो होइन। १९–२० वर्षदेखि लिएर २६–२७ वर्षसम्मका युवाले त्यस्तो गर्छन् जस्तो मलाई लाग्दैन। भिजिलान्तेहरुको घुसपैठ पनि हुनसक्छ। कुनै पार्टीको कार्यकर्ता स्वार्थ बोकेर या कुनै पार्टीमाथि आँच ल्याउने सोचले आएका पनि हुनसक्छन्। आँखाबाट पछाडिका मान्छेहरु जति हेरेका थियौँ, एक जना पनि ठुला मान्छे थिएनन्। स–साना उमेरमा मान्छेहरु थिए। उनीहरूको भ्रष्टाचारविरुद्ध भोकल विरोध थियो। लाठी पनि कसैको हातमा थिएन। उच्छृंखलको शब्द पनि बोलेको छैन। त्यहाँ केटा र केटी दुवैको उत्तिकै सहभागी थियो।

सुशीला कार्कीलाई हामीले पूर्ण समर्थन गरेको हो। हामीले नै प्रधानमन्त्री बनाउन प्रस्ताव गरेको हो। प्रधानसेनापतिले कानुनविद् व्यक्ति चाहियो भन्नुभएको थियो। किनभने कानुनमा धेरै फसाउन सक्ने कुराहरू छन्। कुनै धारा उपधाराले फसाउन सक्छ मान्छेलाई। त्यही भएर कानुनविद् मान्छे राखौं भन्ने भयो। २०६९ सालमा सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मी मन्त्रिपरिषद्को अध्यक्ष बन्नुभएको थियो। हामीले त्यही कन्सेप्टको आधारमा सुशीला कार्कीलाई समर्थन गरेको हो। भ्रष्टाचारविरुद्ध पहिलेदेखि नै उहाँले बोल्नुहुन्थ्यो। त्यही भएर उहाँको नाम सबैको दिमागमा थियो।

हाम्रो आन्दोलन काठमाडौँका मेयर बालेन शाहले गरेर, गराएको त्यस्तो केही होइन। मलाई लाग्दैन यो जेनजीको आन्दोलन बालेनको थियो। कसैले भन्न सक्छन्, कुनै नेताले मैले स्पोन्सर गरिदिए वा मैले पैसा दिएर गरे भन्न सक्छन्। जेनजी आन्दोलन कसैले गर्‍यो गरायो भन्दा पनि स्वतःस्फूर्त भएको हो। जेनजी आफैंले गरेको हो। यसमा कसैले पनि दाबी गर्न पाउँदैन। हाम्रो आन्दोलन देशमा भ्रष्टाचार अन्त्य होस्, बेथिति अन्त्य भएर राम्रो व्यवस्था होस्, हामीलाई बाहिर (विदेश) जान नपरोस् भन्ने मुद्दामा हो। मेरो १० जना साथी अस्ट्रेलियामा बस्छन्। कोही भाँडा माझिरहेका छन्। ग्राजुएट युवाहरु, धन–सम्पत्ति भएका मान्छेहरु, कसैका बुवा–आमा प्रिन्सिपल छन्, उनीहरुका छोराछोरी पनि त्यहाँ छ। गाडी धुन्छ त्यहाँ गएर। किन यस्तो भइरहेछ ? हामी किन बोलिरहेका छैनौं ? बेरोजगारी कति ठुलो भइसक्यो ? गाउँगाउँमा युवाहरु कोही छैनन्।

हामी सामाजिक स्तरमा पनि खोक्रो भइरहेका छौं। संस्कृति पनि बिग्रिरहेको छ। त्यसविरुद्ध बोल्न खोजेको हो। व्यवस्थामा पनि केही परिमार्जन होस्। हामी संविधान मान्ने मान्छे हो। गणतन्त्रमा शान्तिपूर्ण आन्दोलन गर्न पाउँछु भनेर नै गरेको हो। सरकारले तोकिदिएको ठाउँ माइतीघरमा बसेको हो। सरकारले हेर्नुपर्ने हो कि कसले सुरक्षा दिने हो ? आन्दोलन भड्किनुमा तत्कालीन ओली सरकारले जिम्मा लिनुपर्छ। शान्तिपूर्ण आन्दोलनमा किन गोली ठोकियो ? घुसपैठ कसरी भयो ?

आन्दोलनमा धेरै मान्छेको घुसपैठ भएको थियो। हामीले यस्तो नगर्नुस् प्लिज भनेर हात जोड्यौं। हामीलाई पनि उनीहरूले 'तलबाट माथि आइज। माथिबाट तल जा नत्र भने कुट्छु तिमीहरुलाई' भनिराख्थे। हामीलाई त्यहाँ 'पर्सनल थ्रेट' पनि भयो। म ओर्लेर एउटा स्कुलमा गएँ। पूरै राति त्यहीँ बस्यौं। अर्को दिन म राति निस्केको हो। त्यस्तो डिप्रेसनमा थिएँ। डराइसकेका थियौं। यस्तो भइसकेको थियो कि आत्महत्याको समेत सोच आउन

–बाँकी तीन पेजमा

*ओलीले पहिलो ...*

थालेको थियो। सुदन गुरुङलाई हामीले त्यहीँ भेटेको हो। उनले भने– 'मसँग मेडिकल किट व्यवस्था छ। हामी तपाईँहरुलाई हेल्प गर्छौं।' बब्लु गुप्ताहरु पनि त्यहीँ भेट्यौं। उनीहरूसँग केही चिनजान र सम्बन्ध थिएन। जेनजी आन्दोलन उनीहरूले हाइज्याक गरे भन्ने लाग्दैन। हाम्रो यस्तो सोच छ कि नेपालमा परिवर्तन होस्। भ्रष्टाचारविरुद्ध हामी लडेका हौं। हामीले नेता बनाएको होइन, नेता आफैं बन्नुस्।

जुन कुराका लागि हामी लडेका थियौं त्यो पूरा होस्। तिमी नेता बन्यौ, यो नेता बन्यौ छोड्दिउँ। हामी पनि नेता बन्ने लाइनमै जाने हो भने पुरानो नेता र हामीमा के फरक भयो ? तर व्यवस्था परिवर्तन हुनुपर्‍यो, जनताको अवस्था परिवर्तन हुनुपर्‍यो। हाम्रो त्यो जोड छ। भोलिपल्ट सिंहदरबार, सर्वोच्च अदालत लगायत राज्यका महत्त्वपूर्ण सम्पत्तिमाथि आगजनी हुँदा हामी कोठाभित्र रुममा डरले बसेका थियौं। हामीलाई केही थाहा थिएन। अर्को दिन समाचारमा थाहा पायौं। मेरो फोन पनि अफ थियो। सिम निकालेर बसेका थियौं। हामी सबैलाई डरले सात्तो गएजस्तो भएको थियो।

अहिले तुरुन्तै त्यस्तो कमेन्ट नगरौं। मलाई लाग्छ सकारात्मक सोचौं। सकारात्मक परिवर्तन हुन्छ। हाम्रो त्यहाँ माग पनि थियो। हाम्रो ठुलो माग पनि थिएन। हामीले सरकारसँग मागेको पोलिटिकल अपोइन्टमेन्ट खतम गर्नुस्, ब्युरोक्रेसीमा जुन पोलिटिकल अपोइन्टमेन्ट यो देशमा वकिल पनि नेताको हुन्छ। पत्रकार पनि कि नेताको हुन्छ कि पार्टीको, त्यो तपाईंलाई पनि थाहा होला। यो देशमा सबै थोक नेताको हुन्छ। मतलब गाडी पनि नेताको हुन्छ। सार्वजनिक सेवाको बस हुन्छ, त्यसको ड्राइभर पनि नेताले नियुक्त गर्छ। त्यसको विरुद्ध लडाइँ थियो। जहाँ पनि राजनीति हुन्छ। विश्वविद्यालयको उपकुलपतिमा पनि राजनीति। यस्तो ठाउँ ल्याउनुस्, जहाँ राजनीति इन्फ्लुएन्स छैन। त्यसविरुद्ध लडाइँ थियो। अख्तियारको मान्छे गैरराजनीतिक हुनुपर्‍यो। अनि मात्र उसले राजनीतिक दल र नेतामाथि अनुसन्धान गर्छ।

प्रहरीमा पनि सरुवा बढुवामा चलखेल हुन्छ, आफ्नो मान्छेलाई सिधै माथिल्लो पदमा पुर्‍याउने प्रवृत्ति छ। लोकसेवामा के–के खेल हुन्छ, त्यो सबैलाई थाहा छ। हामीले त्यो व्यवस्था खोजेका थियौं, राम्रो व्यक्तिको प्रमोसन होस्। मलाई लाग्छ आउँदो चुनावले देशमा परिवर्तन ल्याउँछ। जबदेखि म बुझ्ने भएँ तबदेखि म यिनै प्रचण्ड, देउवा र ओलीको नाम सुन्दैछु। यी चार–पाँच जनाको मात्रै नाम सुनिरहेको छु। जेनजी आन्दोलनले यो परिवर्तन नल्याएको भए अझै १०–१५ वर्ष वा नमरुन्जेलसम्म उनीहरुकै नाम सुनुपर्थ्यो होला। यसलाई सकारात्मक रुपमा लिऔं, नकारात्मक नलिऔं। परिवर्तन हुन्छ, शतप्रतिशत हुन्छ।

पत्रकारहरुले यस आन्दोलनमा ठुलो भूमिका खेल्नुभएको छ। जति साथ समर्थन दिनुभयो, आवाज उठाइदिनुभयो, यसले परिवर्तन ल्याउन ठुलो भूमिका खेलेको छ। नेताहरूले सधैं हामीलाई ठुलो–ठुलो सपना देखाए। हाम्रो देश स्विट्जरल्याण्ड बन्छ। हाम्रो देश सिंगापुर बन्छ। हाम्रो देश यूएई बन्छ। हामीलाई हाम्रो नेपाल बनाउनु छ। हामीलाई हाम्रो देश स्वीट्जरल्याण्ड, श्रीलङ्का, अमेरिका बनाउनु छैन। हामीलाई हाम्रो नेपाल राम्रो बनोस्। हाम्रो संस्कृति जोगियोस्।

अमेरिकामा डोनाल्ड ट्रम्प आउने बित्तिकै त्यहाँ पनामा लिइहाल्छु भन्छन्। भोलि मानौं इन्डिया–चाइना मिलेर यस्तै भन्न सक्छन्। हामी त्यस्तै अवस्थामा जानेवाला थियौं। हामी बलियो बन्नुपर्छ। हामी इजरायलजस्तो बलियो बन्नुपर्छ। हामी कसैभन्दा कम छैनौं। हाम्रो दिमाग कसैभन्दा कम छैन। हामीसँग त्यो मेनपावर छ। हामी अहिले दुनियाँमा पढेर पनि श्रम गरिरहेका छौं, नपढेर पनि श्रम गरिरहेका छौं। यूएई, कतार, अमेरिका जहाँ जानुस् त्यहाँ हामी छौं। उनीहरू पनि लगानी लिएर आउनेछन्। त्यस्तो सोच राखौं अब। नेताहरूको कुरै नगर्नुस्। केपी ओलीले पहिलो दिनमा राजीनामा दिनुभएको भए यो घटना हुँदैनथ्यो सायद। रोम जलिरह्यो, निरू बाँसुरी बजाइरह्यो भनेजस्तो भयो। जति पनि तानाशाहको अन्त्य भएको छ, त्यो त्यही भएर हो। रातोपाटीबाट

# माछा बेचेर मासिक ३० लाख रुपियाँ कमाइ

**धीरेन्द्रप्रसाद साह**

राजविराज, ४ असोज। एक समय भरतकुमार यादव ईँटाभट्टा सञ्चालन गर्नुहुन्थ्यो। त्यसमा घाटा भएपछि उहाँ निराश बन्नुभयो। तर जीवनको बाटो यहीँ सकिएन। सप्तरीको डाक्नेश्वरी नगरपालिका–९, लक्ष्मणपट्टिका यादवले ईँटाभट्टाको विकल्प खोज्दै व्यावसायिक माछापालनमा पाइला चाल्नुभयो। शनिबार उहाँ सप्तरीको शम्भुनाथ नगरपालिका–४, सखुवामा स्थापित "शम्भुनाथ माछा फर्म" का सफल सञ्चालक मात्र होइन, माछा ब्लक समन्वय समितिका अध्यक्षसमेत हुनुहुन्छ। विसं २०७४ मा नेपाल सरकारबाट सप्तरीको शम्भुनाथ, डाक्नेश्वरी, खडक, रुपनी, विष्णुपुर र बेलहीचपेना लगायत क्षेत्रमा माछा ब्लकको रूपमा एक करोड ६५ लाख रुपियाँको अनुदान प्रदान गरिएको थियो।



सो रकमबाट प्रतिकट्ठा १० हजार रुपियाँको दरले पोखरी खन्ने योजना थियो। यादवले पनि सखुवास्थित आफ्नै १० कट्ठा जमिनमा पोखरी खनेर माछापालनको सुरुवात गर्नुभयो। अचेल १८ बिघामा विस्तार गरेर व्यावसायिक रूपमा माछा उत्पादन गर्दै आउनुभएको छ। जसमा १० कट्ठा जग्गा आफ्नै हो भने बाँकी लिजमा लिएर तीन मन धान वार्षिक बुझाउनुहुन्छ। माछा ब्लकको मापदण्डअनुसार एउटै पालिकामा ९० हेक्टर क्षेत्रफलमा पोखरी हुनुपर्छ। माछा जोनका लागि पाँच सय बिघा र सुपरजोनका लागि एक हजार बिघा पोखरी आवश्यक रहेको उहाँले जानकारी दिनुभयो। यादवको नेतृत्वमा सखुवाले मापदण्ड पूरा गरेपछि दुई पटक प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत अनुदान पाइएको छ।

अन्य स्थानमा निरन्तरता दिन नसक्दा बजेटबाट वञ्चित भएको छ। अहिले सखुवामा १५ जना किसानले १४० बिघामा माछा पालन गरिरहेको अध्यक्ष यादवले जानकारी दिनुभयो। यादवको फर्ममा जम्मा ११ वटा पोखरी छन्, जसमा चार बिघामा भुरा उत्पादन नर्सरी, एक बिघामा माउ पोखरी र बाँकी सबै खाने माछा उत्पादनमा प्रयोग हुन्छ। उहाँले माछापालनको सैद्धान्तिक तथा प्राविधिक ज्ञान विसं २०७२ मा फत्तेपुरस्थित मत्स्य विकास केन्द्रबाट सीपमूलक तालिम लिँदै सुरु गर्नुभयो। २०७३ मा ह्याचरिङ निर्माणका लागि मधेश प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट १८ लाख ५४ हजार रुपियाँ पाएर भुरा उत्पादन थालनी गर्नुभयो।

उहाँको पोखरी वर्षमा तीन–चार सय क्विन्टल खाने माछा उत्पादन हुन्छ। प्रतिकट्ठा २०–२१ क्विन्टल माछा उत्पादन गरेर यादव नेपालमै पहिलो रहेको दाबी गर्नुहुन्छ। उहाँले फर्ममा दाना उत्पादनको मेसिन, डिप फ्रीजर, ह्याचरिङ ट्याङ्क, एरिएटर, र अमेरिकन आइपीआरएस प्रविधि समेत जडान गर्नुभएको छ।

एरिएटर प्रविधिले ६ गुणा बढी अक्सिजन र उत्पादन दिन्छ। यस प्रविधिबारे जानकारी गराइएपछि अब मधेश प्रदेश सरकारले समेत लगानी गर्न लागेको उहाँले बताउनुभयो। पोखरीमा पानीको लागि फर्ममा कुल ११ वटा बोरिङमध्ये तीन वटा छ इन्च र आठ वटा आठ इन्चको बोरिङ जडान गरिएको छ।

सुरुमा कृषि मिटर जडान भए पनि पछि व्यावसायिक मिटर जडान गरिँदा विद्युत् शुल्क एकाएक बढेर वार्षिक तीन लाख पुगेको यादवको गुनासो छ। उहाँले सरकारसँग विद्युत् सहुलियतको माग गर्दै फर्मसम्म पुग्ने कच्ची बाटोले वर्षायाममा झन् समस्या निम्त्याउने गरेकाले ध्यान दिन आग्रह गर्नुभएको छ।

यादवले भन्नुभयो, "३० लाख ऋण लिएर फर्म सञ्चालन गरे। अहिलेसम्म डेढ करोडभन्दा बढी लगानी भइसकेको छ। श्रम, जनशक्ति, लगानी खर्च काटेर ४० प्रतिशत अर्थात २५–३० लाख रुपियाँ भइरहेको आम्दानीबाट छोराछोरीको शिक्षादेखि लालन पालनसम्मको खर्च धानेका छन्।

जेठी छोरी स्टाफ नर्स, जेठो छोरा आइएस्सी जीमा, माइला छोरा र दुई छोरी बिकम अध्ययनरत छन्। फर्ममा १० जनाले रोजगारी पनि पाएको उहाँले बताउनुभयो। बिमा कम्पनीबाट प्राकृतिक विपत्तिको माछामा भएको क्षतिको दाबी अहिलेसम्म पाउन नसकेको यादवको गुनासो गर्नुभयो। जहाँ विफलतापछि आँट, सीप र प्रविधिको भरमा सम्भावनाको पोखरी फस्टाउँछ भने कुरा भरतको प्रेरणादायी कथाले पुष्टि गरेको छ।

# अनुसन्धानविनै तीन निर्दोष छोराहरूलाई कर्तव्य ज्यान मुद्दा लगाएको परिवारको आरोप

रौतहट, ४ असोज। रौतहटको कटहरिया नगरपालिका–५ का ५२ वर्षीय रामचन्द्र दास सरभंग र उनकी श्रीमती पुकारी देवी सरभंगले आफ्ना तीन जना निर्दोष छोरालाई प्रहरीको मिलेमतोमा अनाहकमा कर्तव्य ज्यान मुद्दा लगाएर फसाएको गम्भीर आरोप लगाएका छन्। शनिबार गौरमा पत्रकार सम्मेलन गरी पीडित परिवारले इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी राजन कार्कीमाथि राजनीतिक तथा आर्थिक चलखेलको आधारमा घटनाको मुख्य दोषीलाई उम्काएर निर्दोष दलित परिवारका ३ छोरालाई फसाएको आरोप लगाएको हो।

राजनीतिक पूर्वाग्रह राखेर गाउँकै केही मानिसले आफ्ना तीन छोरामाथि हत्या आरोपमा इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दिन लगाएको उनीहरूले त्यहाँ बताए। प्रहरीले घटनाको सत्यतथ्य छानबिन गर्नुको साटो विभिन्न प्रभावमा मुद्दा दर्ता गरेको कटहरिया–५ की वडा सदस्यसमेत रहेकी पुकारीदेवीले पत्रकार सम्मेलनमा गुनासो गरेकी थिइन्। 'तीन छोरामाथि एकैपटक कर्तव्य ज्यान मुदा चलाएर प्रहरीले हाम्रो परिवारमाथि ठुलै अन्याय गर्‍यो,' उनले भनिन्।

# वीरगन्ज महानगरपालिकाले बजेट संशोधन गरेर पुनःनिर्माणतर्फ खर्च गर्ने

वीरगन्ज, ४ असोज। वीरगन्ज महानगरपालिकाले चालु आर्थिक वर्ष २०८२–८३ का लागि विनियोजन गरिएको बजेटलाई संशोधन गरी पुनःनिर्माणमा खर्च गर्ने निर्णय गरेको छ। शनिबार सम्पन्न विशेष अधिवेशन (विशेष नगर सभा)ले पुनःनिर्माणसम्बन्धी प्रस्ताव सर्वसम्मत पारित गरेको हो। गत भदौ २४ गते सचेत युवाहरू ( जेनजी)ले गरेको आन्दोलनका क्रममा महानगरपालिकाको कार्यालय भवनसहित सम्पूर्ण संरचना आगजनी, तोडफोड र लुटपाटबाट ध्वस्त बनेको थियो। नगरको सम्पत्ति खरानी बनेपछि नगरवासीलाई सेवा प्रवाहमा निरन्तरता दिन पुनःनिर्माणलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याउँदै नगरसभाले चालु आर्थिक वर्षको बजेट संशोधन गरेर उक्त कार्यमा लगानी गर्ने निर्णय गरेको हो।

विशेष नगरसभामा महानगर प्रमुख राजेशमान सिंहले संशोधित बजेट पेस गरेका थिए। महानगरको १७औं नगर परिषद्ले यसअघि आर्थिक वर्ष २०८२–८३ का लागि ३ अर्ब २२ करोड ४८ लाख ४९ हजार रुपैयाँको बजेट ल्याएको थियो। सो बजेटभित्र नगरस्तरीय पूँजीगत योजना, सामाजिक विकास कार्यक्रम तथा वडा स्तरका योजनामा विनियोजन गरिएको रकमलाई पुनःनिर्माणतर्फ स्थानान्तरण गर्ने निर्णय विशेष अधिवेशनले गरेको हो।

यसरी संशोधनपश्चात करिब ३० करोड रुपैयाँ पुनःनिर्माणका लागि उपलब्ध हुने भएको छ। संशोधित बजेटले प्रशासनिक भवन निर्माण, सवारी साधन खरिद, मेसिनरी उपकरण, ल्यापटप, कम्प्युटर, प्रिन्टर तथा फर्निचर खरिद, कार्यालय भवन मर्मत, गाडी भाडा, बिजुलीबत्ती र अन्य आवश्यक सामग्री खरिदमा खर्च गर्ने प्रावधान गरेको छ।

त्यसैगरी, विशेष अधिवेशनले जेनजी आन्दोलनका क्रममा काठमाडौंमा भएको प्रदर्शनमा प्रहरीको गोली लागेर सहादत प्राप्त गरेका वीरगन्ज महानगरपालिका वडा नं १२ का युवा असहाब आलमको परिवारलाई पाँच लाख रुपैयाँ उपलब्ध गराउने प्रस्ताव पनि सर्वसम्मत पारित गरेको छ। यसरी संशोधित बजेटमार्फत तत्काल नगर पुनःनिर्माण, भौतिक संरचना पुनर्स्थापना तथा प्रशासनिक क्षमता अभिवृद्धि गर्ने कार्य अघि बढाइने नगरसभाले स्पष्ट पारेको छ।

# मधेश प्रदेशसभाको बैठक आउँदो मंगलवार आह्वान गर्न सर्वदलीय सहमति

काठमाडौं, ४ असोज। मधेश प्रदेशसभाको बैठक यही असोज ७ गते मंगलवार आह्वान गर्ने सर्वदलीय सहमति भएको छ। जनकपुरधाममा आज मधेश प्रदेश सचिवालयमा सभामुख रामचन्द्र मण्डलको अध्यक्षतामा बसेको सर्वदलीय बैठकमासहमति भएको प्रदेशसभा सदस्य वीरेन्द्रप्रसाद सिंहले जानकारी दिनुभयो। मधेश प्रदेशसभाका सबै राजनीतिक दलले संघीयताको विषयमा एक रहनाका साथै सकारात्मक सन्देश प्रवाह गर्न बैठक आह्वान गर्ने निर्णय भएको सभामुख मण्डलले बताउनुभयो।

जेनजी प्रदर्शनका क्रममा मधेश प्रदेशसभामा आगजनी एवम् तोडफोड तथा लुटपाट भएका कारण ४० करोड रुपैयाँ भन्दा बढीको क्षति भएको र क्षतिग्रस्त संरचनाको तत्काल सामान्य मर्मत गरेर प्रदेशसभा बैठक आव्हान गर्ने सहमति भएको सचिवालयले जनाएको छ। बैठकमा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहलगायत विभिन्न राजनीतिक दलका नेताहरू सहभागी थिए।

# वीरगन्ज महानगरले पुनःनिर्माणका लागि छुट्ट्यायो ३० अर्ब

वीरगन्ज, ४ असोज। वीरगन्ज महानगरले चालु आर्थिक वर्ष २०८२–८३ का लागि विनियोजित गरिएको बजेट पुनःनिर्माणमा केन्द्रित गरेको छ। महानगरले गत भदौ २३ र २४ गते भएको 'जेनजी' प्रदर्शनका क्रममा भएको तोडफोड र क्षतिग्रस्त संरचनाको पुनःनिर्माणका लागि बजेट खर्च गर्ने भएको हो। यहाँ आज आयोजना गरेको नगरसभाको २८औँ विशेष अधिवेशनले पुनःनिर्माणसम्बन्धी प्रस्तावलाई सर्वसम्मत पारित गरेको जनाएको छ। जेनजी समूहले प्रदर्शनका क्रममा यहाँका भवन र सवारी साधन तोडफोड र लुटपाट भएको थियो।

वीरगन्ज महानगरका प्रमुख राजेशमान सिंहले महानगरको संशोधित बजेट पेस गर्दै बजेटका प्राथमिकतासमेत परिवर्तन गर्नुपरेको बताउनुभयो। महानगरको १७औँ नगरपरिषद्ले यसअघि आव २०८२–८३ का लागि तीन अर्ब २२ करोड ४८ लाख ४९ हजारको बजेट विनियोजन गरेको थियो। विशेष अधिवेशनले बजेटमा भएका नगरस्तरीय पुँजीगत योजना, सामाजिक विकास कार्यक्रम तथा वडास्तरका योजनामा विनियोजन गरिएको रकमलाई पुनःनिर्माणतर्फ स्थानान्तरण गर्ने निर्णय गरेको छ। संशोधनपश्चात् करिब रु ३० करोड पुनःनिर्माणका लागि उपलब्ध हुने भएको छ।

संशोधित बजेटले प्रशासनिक भवन निर्माण, सवारी साधन खरिद, मेसिनरी उपकरण, ल्यापटप, कम्प्युटर, प्रिन्टर तथा फर्निचर खरिद, कार्यालय भवन मर्मत, गाडी भाडा, बिजुली बत्ती र अन्य आवश्यक सामग्री खरिदमा खर्च गर्ने प्रावधान गरेको छ। विशेष अधिवेशनले जेनजी प्रदर्शनका क्रममा काठमाडौँमा भएको प्रदर्शनमा प्रहरीको गोली लागेर मृत्यु भएका गरेका वीरगन्ज महानगरपालिका वडा नं १२ का असहाब आलमको परिवारलाई पाँच लाख उपलब्ध गराउने प्रस्ताव पारित गरेको छ।





**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812


# सडक निर्माणमा जुटे सप्तरीका युवा



**देवराम यादव**

सप्तरी, ४ असोज। सप्तरीको तिलाठी कोइलाडी ६ र ७ वडास्थित वभनगामा जण्डौल–कुशहा सडक मर्मत सम्भारमा स्थानीय युवाहरू जुटेका छन्। सडक भत्किएर आवतजावतमा समस्या भएपछि स्थानीय युवाहरु सडक मर्मत सम्भारमा जुटेका हुन्। सडकको स्तरउन्नतिमा नेपाल सरकारले बर्सेनि करोडौं लगानी भए पनि भत्किएको सडक मर्मत सम्भारमा स्थानीय युवाहरू जुटेका छन्।

विगत तीन वर्षदेखि सडकको पानी निकास नहुँदा खाल्डाखुल्डीमा पानी जमेर हिँडडुलमा समस्या भएपछि मर्मत सम्भारमा जुटेको स्थानीय युवा अरुणकुमार यादवले बताउनुभयो। स्थानीय युवाहरूले दसैं तिहारसहित हिन्दुहरूको महान चाडपर्वलाई ध्यानमा राख्दै आफ्नो गाउँ आफैँ बनाउ भने उद्देश्यका साथ सडक मर्मत सम्भारमा जुटेको सहभागी रामनाथ यादवले बताउनु भयो।

सडक निर्माण कार्यका लागि स्थानीयको विवादका कारण वर्षौंदेखि निर्माण कार्य रोकिएको गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डल, वडा ६ का वडाध्यक्ष रोशन सिंह र वडा ७ का वडाध्यक्ष हरिनारायण मण्डललाई पटक–पटकभन्दा पनि सुनुवाइ नभएपछि गाउँका युवाहरूको सहयोगमा सडक मर्मत सम्भार गरिएको स्थानीय सूर्यनारायण यादवले बताउनुभयो ।

स्थानीय जनप्रतिनिधिहरूले समाजको विकास र निकासमा कुनै चासो नदिएको भन्दै स्थानीय युवाहरूले आक्रोश व्यक्त गरेका छन। उक्त सडक मर्मत कार्यमा स्थानीय रामप्रसाद मण्डल, रामवाहुर रजक, भक्त नारायण राय, अमिर महतो, जिवछ यादव, विन्देश्वरी यादव, प्रशुराम यादव, रवीन्द्र साह, देवेन्द्र यादव, मनोज रजक, रुपेश यादव, प्रयाग यादव, देवनारायण यादव, शिवनारायण मण्डल, जितेन्द्र मण्डल, विष्णु यादव, अमलेश यादवलगायत समाजसेवी, बुद्धिजिवी, सञ्चारकर्मी, प्रहरी, किसान, युवा, विद्यार्थीलगायतको सहभागिता रहेको थियो।

गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डलले सडक निर्माण कार्यका लागि स्थानियको विवादका कारण विगत तीन वर्षदेखि निर्माण कार्य रोकिएको जानकारी दिनुभयो। उहाँले सडक निर्माण कार्यका लागि स्थानीयको विवाद समाधान भएपछि सडक निर्माण गर्ने बताउनुभयो।

# समयमै रोगको पहिचान गरे ९० प्रतिशत बिरामीको मिर्गौला बचाउन सकिने अध्ययनको निष्कर्ष

काठमाडौं, ४ असोज। नेपालमा गरेको एउटा अध्ययनले समयमै मिर्गौला रोगको पहिचान गरेमा ९० प्रतिशत बिरामीको मिर्गौला बचाउन सकिने देखाएको छ। मृगौला बिग्रिएर वीर अस्पतालमा निकालेका मध्ये पाँच सय जना बिरामीमा गरेको अध्ययनले यस्तो देखाएको हो। अस्पतालले गरेको अध्ययनमा पाँच सय मध्ये चार सय ७० जनाको मिर्गौला समयमै उपचार गरेको भए बचाउन सकिने देखिएको अस्पतालका युरोसर्जरी विभाग प्रमुख प्राध्यापक डा. रबिनबहादुर बस्नेतले जानकारी दिनुभयो। समयमा परिक्षण गरेर रोग पहिचान नगर्दा जोगाउन नसकिएको उहाँको भनाइ छ। उहाँका अनुसार मिगौला बिग्रिएका मध्ये ६५ प्रतिशत पत्थरीका बिरामी थिए। पत्थरीले पिसाब आउने बाटो बन्द गरिदिन्छ। पिसाब थैलीमा पिसाब नआएर मिर्गौला फुल्लिँदा मिर्गौला बिग्रने गर्दछ।

एउटा मिर्गौला फुल्लिए पनि अर्कोले काम गर्ने हुँदा बिरामीले थाहा नपाई मिर्गौला बिग्रिसक्ने जोखिम हुन्छ। १५ प्रतिशत जन्मजात बिरामी, १० प्रतिशतमा मिर्गौलाको क्यान्सर र बाँकी अन्य सङ्क्रमणले मिर्गौला बिग्रने गरेको अध्ययनले पुष्टि गरेको छ। पानी कम खानाले, मधुमेहका बिरामी, जाँडरक्सीका कारण मिर्गौला बिग्रने गर्दछ। दुखाई कम गर्ने औषधि आफूखुसी खाँदा पनि मिर्गौला बिग्रने गर्दछ। दिनमा तीन लिटर पिउने, मोटोपन घटाउने, फलफूल प्रशस्त खाने, नियमित मिर्गौलाको जाँच गर्ने गरेमा मिर्गौला बिग्रने जोखिम कम हुन्छ।












मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)